# शोक प्रस्ताव

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाको सभापतित्वमा आज मिति २०७५ साल चैत्र २९ गते शुक्रवार सम्पन्न महासंघको ५३ औ वार्षिक साधारण सभाको यस समापन कार्यक्रममा सहभागी सम्पूर्ण उद्यमी व्यवसायीहरुको यो भेलाबाट महासंघका पूर्व उपाध्यक्ष एवं नेपालका प्रशिद्ध उद्योगपति दिवाकर गोल्छाको यही चैत्र २७ गते असामयिक निधन भएको प्रतिगहिरो दुःख व्यक्त गर्दै यो शोक प्रस्ताव पारित गर्दछ ।

स्व. गोल्छाले तत्कालिन समयमा महासंघको विभिन्न समितिहरुको सभापतिमा रहि महासंघको छवि विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो । स्वर्गीय गोल्छा, महासंघमा विक्रम सम्बत २०५६–०५८ र २०६०/०६२ मा द्वितीय उपाध्यक्ष र विक्रम सम्बत २०६२/०६४ मा प्रथम उपाध्यक्ष हुनु हुन्थ्यो ।

नेपालको उद्योग व्यवसाय र महासंघको छवि विकासमा स्वर्गीय गोल्छाले दिनु भएको अतुलनीय योगदानको महासंघ सदैव स्मरण गर्दछ । स्वर्गीय गोल्छाको निधनबाट सिंगो निजी क्षेत्रलाई अपूरणीय क्षती पुग्न गएको छ भने राष्ट्रले एक होनहार/अनुभवी उद्योगपति गुमाएको छ ।

यस दुःखद घडिमा स्वर्गीय गोल्छा परिवारमा हार्दिक समवेदना प्रकट गर्दै पीडाको यस समयमा धैर्य धारण गर्ने शक्ति प्राप्तहोस भनी यो सभा कामना गर्दछ । साथै स्वर्गीय गोल्छा प्रति यो सभा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

**स्वर्गीय गोल्छाको सम्झनामा १ मिनेट मौन धारण ।**